## मिति २०८३ असार ०४ गते बसेको सूचना अधिकारीको बैठकको निर्णय

जिल्ला प्रशासन कार्यालय
रुपन्देही

**निर्णयहरु :-**

१. सूचना अधिकारीहरुको यस अघिको बैठकको निर्णय कार्यान्वयनको अवस्था एवं सूचनाको हक कार्यान्वयनको अवस्थाको बारेमा छलफल र समीक्षा भयो।

२. सम्पूर्ण कार्यालयहरुले आफ्नो Website, Facebook Page अध्यावधिक गर्ने, स्वत:प्रकाशन नियमित रुपमा गर्ने, सूचना पाटीमा सुचना टाँस गर्ने र कार्यालयबाट प्रवाह हुने सेवालाई व्यवस्थित रुपमा सार्वजनिकरण गर्ने।

३. सूचनाको हक संविधानले मौलिक अधिकारको रुपमा आत्मसात गरेको एवं पारदर्शिता र जवाफदेहीता सुनिश्चित गर्ने मानक मध्येको प्रमुख मानक समेत रहेको हुँदा सम्पूर्ण कार्यालयमा माग हुने सूचना प्रचलित विधि र प्रकृया बमोजिम तुरुन्त उपलब्ध गराउने।

४. सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी गुनासो रहित त्रुटिरहित र सुशासन युक्त बनाउने।

५. सूचना अधिकारीहरुलाई कार्यालयले सरकारी मोवाइल नं. उपलब्ध गराउन बाँकि रहेको भए मिति २०८३ असार मसान्त भित्र उपलब्ध गराउने।

६. सार्वजनिक निकायका सबै सुचना अधिकारीहरुको नाम पद र फोन नं. सहितको विवरण अद्यावधिक गरी जिल्ला हुलाक कार्यालयले Website मा राख्ने।

७. मौखिक रुपमा माग गरेका सूचनाहरु अभिलेखिकरण गर्ने व्यवस्था सबै सुचना अधिकारीहरुले मिलाउने।

८. कार्यालयमा प्राप्त हुन आएका गुनासाहरुको तत्कालै कार्यान्वयन गर्ने।

०८३/३/४
प्रमुख जिल्ला अधिकारी